नेपाल सरकार

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रम



# हालसम्म सम्पादित कार्यहरुको प्रगति विवरण

२०७६/०४/१६


# प्रधानमन्त्री रोजगार कार्यक्रम

## हालसम्म सम्पादित कार्यहरुको प्रगति विवरण


२०७६।०४।१६

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय


# कूल बजेट ३ अर्व १० करोड



# रोजगार संयोजक पदपूर्तिको अवस्था




# बेरोजगार आवेदन -१७,०१,५५१





- तथ्यांक प्राप्त स्थानीय तहको संख्या ७२८
- बेरोजगार सूचीमा दर्ता नभएको स्थानीय तहको संख्या २५

# बजेट विनियोजनका आधारहरु (प्रतिशतमा)





- न्यूनतम ५ लाख र अधिकतम १ करोड
- कूल सशर्त अनुदान २,३६,७९,६९,०००

# कामका लागि पारिश्रमिकमा आधारित आयोजना संख्या ६,८६४





विवरण प्राप्त भएको स्थानीय तहको संख्या : ५९९

# कामका लागि पारिश्रमिक आयोजनामा संलग्न व्यक्तिको संख्या १७५,९०९



# कूल रोजगारी दिन संख्या २२,६२,२६९




औसत रोजगारी १३ दिन

# आयोजनाको प्रकार

९) **आयोजनाका प्रकार**: दफा ३ बमोजिम आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुलाई प्राथमिकता दिई कार्य सञ्चालन गर्नु पर्नेछ :

(क) सडक निर्माण तथा मर्मत

- स्थानीय तहका सडकहरुको नियमित मर्मत सम्भार
- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र, हाटबजार, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि हाल संचालनमा रहेको कुलो, पैनी वा पोखरीको मर्मत सम्भार तथा स्तरोन्नती
- पोखरी तथा पानीको मूल संरक्षण

# आयोजनाको प्रकार

- सामूहिक फलफुल खेती
- सार्वजनिक स्थलमा फलफुल बगैचा निर्माण
- कृषि तथा पशूपंक्षी उत्पादनको भण्डारण तथा विक्रि वितरणका लागि आवश्यक पर्ने शीत भण्डार, हाट बजार, तरकारी संकलन केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी

- खानेपानीको मूल संरक्षण तथा खानेपानी आयोजनाहरुको निर्माण, विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसरफाई

- स्वास्थ्य चौकी तथा प्रसुति गृह भवन निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक सौचालय निर्माण तथा स्तरोन्नति
- फोहोर व्यवस्थापन तथा सार्वजनिक स्थलहरुको सरसफाई

(ङ) शिक्षा

- विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय, खेल मैदान, कम्पाउण्ड, बगैंचा आदि पूर्वाधार निर्माण, विस्तार तथा मर्मत सम्भार
- सार्वजनिक खेलकुद मैदान निर्माण, विस्तार तथा मर्मत सम्भार

# आयोजनाको प्रकार

(च) वन तथा जलाधार

- बृक्षारोपण तथा फफूलको विरुवा रोपण तथा संरक्षण
- जलाधार संरक्षण तथा भूक्षय रोकथाम
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण
- स्थानीय पार्क निर्माण, बिस्तार तथा मर्मत सम्भार

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा हुने सेड तथा चौतारो निर्माण
- पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

(ज) स्थानीय आवश्यकता अनुसारका अन्य श्रमप्रधान आयोजनाहरु

# प्रमुख सवाल तथा सिकाईहरु

- कतिपय  रोजगार संयोजक नभएको स्थानमा कार्यक्रम संचालन नभएको ।
- जनप्रतिनिधि  र  कार्यकारी  प्रमुखले महत्वका साथ पहल गरेका स्थानीय तहमा कार्यक्रम प्रभावकारी भएको।
- कार्यविधिले निर्माण सामग्री खरिदमा छुट्याएको बजेट पर्याप्त नभएको भन्ने प्रतिक्रिया प्राप्त भएको ।
- कार्यक्रम प्रतिको वुझाईमा एकरुपता ल्याउन नसकिएको ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विगत एक वर्षमा भएका मुख्य मुख्य क्रियाकलापहरुको विवरण**

| सि.नं. | क्रियाकलाप | कामको विवरण | मिति |
|---|---|---|---|
| १. | प्रधानमन्त्री रोजगार कार्यक्रम घोषणाको तयारी | • मुलुकभित्रै आन्तरिक रोजगारीको अवसर श्रृजना गर्ने र उपलब्ध रोजगारीका अवसरहरुको प्रभावकारी व्यवस्थापन गर्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत आ.व. २०७५/७६ को नीति, कार्यक्रम तथा बजेटबाट घोषणा गर्ने गरी तयारी गरिएको | २०७५।१।१५ |
| २. | रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को तर्जुमा | • कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनका लागि रोजगारी सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्राप्त भएको | २०७५।३।१३ |
| | | • कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा गठित कार्यदलबाट रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को मस्यौदा तयारी | |
| | | • रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को मस्यौदालाई अध्ययन गरी परिमार्जन गर्न यस मन्त्रालयमा गठित कार्यदलबाट मस्यौदालाई परिमार्जन गरिएको | २०७५।०४।०४-०६ |
| | | • नेपाल सरकार, मन्त्रिपरिषद्बाट रोजगारी सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्राप्त भएको | २०७५।४।१४ |
| | | • रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट स्वीकृति प्राप्त भएको | २०७५।४।२२ |
| | | • रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृतिका लागि पेश भएको | २०७५।४।२३ |
| | | • रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मन्त्रिपरिषद, विधेयक समितिमा छलफल | २०७५।४।२७ |
| | | • रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको संघीय संसदमा प्रस्तुत गर्नका लागि मन्त्रालयबाट संघीय संसद सचिवालयमा पत्राचार | २०७५।५।५ |
| | | • रोजगारीको हक सम्बन्धी विधेयक २०७५ संघीय संसदबाट पारित भई सम्माननीय राष्ट्रपतिज्यूबाट जारी भएको | २०७५।६।२ |
| ३. | रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को तर्जुमा | • रोजगारीको हक सम्बन्धी नियमावलीको मस्यौदा तयार गर्न मन्त्रालयमा कार्यदलको गठन | २०७५।५।१५ |
| | | • रोजगारीको हक सम्बन्धी नियमावलीको मस्यौदा तयार गर्न मन्त्रालयमा कार्यदलको बैठक बसी छलफल भएको | २०७५।५।२०-२०७५।०६।७ सम्म |

| | | | |
|---|---|---|---|
| | | • रोजगारीको हक सम्बन्धी नियमावलीको मस्यौदा नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृति लिने प्रयोजनका लागि अर्थ मन्त्रालयको राय/सहमतिको लागि अनुरोध गरी पठाइएको | २०७५।६।१९ |
| | | • रोजगारीको हक सम्बन्धी नियमावलीको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नका लागि अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको | २०७५।७।९ |
| | | • रोजगारीको हक सम्बन्धी नियमावलीको मस्यौदा नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृतिका लागि प्रस्ताव पठाउने प्रयोजनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायका लागि अनुरोध गरी पठाइएको | २०७५।७।१२ |
| | | • रोजगारीको हक सम्बन्धी नियमावलीको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट स्वीकृति प्राप्त | २०७५।०८।०७ |
| | | • रोजगारीको हक सम्बन्धी नियमावलीको मस्यौदाको नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृति लिने प्रयोजनका लागि प्रस्ताव पठाइएको | २०७५।०८।०९ |
| | | • रोजगारीको हक सम्बन्धी नियमावलीको मस्यौदा मन्त्रिपरिषद, विधेयक समितिमा छलफल | २०७५।०९।१५ |
| | | • रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको | २०७५।९।२३ |
| ४. | प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तर्जुमा | • प्रधानमन्त्री रोजगार कार्यक्रमको संचालनको ढाँचाका सम्बन्धमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यू तथा यस मन्त्रालयका श्रीमान् सचिवज्यूको उपस्थितिमा माननीय अर्थ मन्त्री श्री युवराज खतिवडाज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकार श्री विष्णु रिमालज्यू, अर्थ मन्त्रालयका सचिव श्री राजन खनालज्यू लगायतका पदाधिकारीहरुसँग छलफल भएको | २०७५।३।१७ |
| | | • प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनको ढाँचाका सम्बन्धमा यस मन्त्रालयका सहसचिव, मन्त्रालय अन्तर्गतका विभागका विभागीय प्रमुख, यस मन्त्रालयका अन्य कर्मचारी, विभिन्न मन्त्रालयका योजना महाशाखा प्रमुख, अर्थशास्त्री, रोजगार विज्ञहरु लगायतका सरोकारवालाहरुसँग समेत विभिन्न मितिमा अन्तरक्रियात्मक छलफल भएको | २०७५।६।१२<br>२०७५।६।१६<br>२०७५।७।६ |

| | | | |
|---|---|---|---|
| | | ● प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी संचालनका सम्बन्धमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री गोकर्ण विष्टज्यूको अध्यक्षतामा युवा राजनीतिज्ञ तथा पत्रकारहरुको उपस्थितिमा एक अन्तरक्रियात्मक छलफल संचालन गरिएको | २०७५।०६।१४ |
| | | ● सूचना तथा प्रविधिका क्षेत्रहरुमा सृजना हुन सक्ने सम्भावित आन्तरिक रोजगारीका अवसरहरुको सम्बन्धमा छलफल गर्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षतामा यस मन्त्रालयका सचिव, सहसचिव, नेपाल राष्ट्र बैंकका डिपुटी गभर्नर, लगानी बोर्डको कार्यालयका प्रमुख कार्याकारी अधिकृत, विभिन्न सरकारी निकायमा कार्यरत आईटी क्षेत्रका कर्मचारी, आइ.टी. विज्ञ लगायतको उपस्थितिमा एक अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरिएको | २०७५।६।२७ |
| | | ● प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को मस्यौदामा विभिन्न मन्त्रालयको राय माग | २०७५।७।९ |
| | | ● प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को मस्यौदा नेपाल सरकार, मन्त्रीपरिषद्मा पेश गर्नका लागि अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त | २०७५।७।१३ |
| | | ● प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको मस्यौदा उपर सम्मानित प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिका माननीय सभापतिज्यू एवं सदस्यज्यूहरुसँग छलफल | २०७५।१०।४ |
| | | ● प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको मस्यौदामा विभिन्न मन्त्रालयहरुबाट प्राप्त भएका रायहरु समावेश गरी नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि पठइएको | २०७५।१०।२१ |
| | | ● प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको | २०७५।१०।२५ |
| ५. | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर मन्त्रालय समन्वय समितिको गठन र छलफल | ● प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा रोजगारीका अवसरहरुको सिर्जना गर्नका लागि नेपाल सरकारका विषयगत मन्त्रालयहरुबीच समन्वय र सहकार्य गर्न आवश्यक भएको हुँदा यस मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा विभिन्न विषयगत मन्त्रालयका योजना महाशाखा प्रमुखहरु सदस्य रहने गरी एक अन्तर मन्त्रालय समन्वय समितिको गठन भएको | २०७५।५।२८ |
| | | ● अन्तरमन्त्रालय समन्वय समितिको बैठक बसी प्रधानमन्त्री रोजगार कार्यक्रमको सञ्चालनको ढाँचा सम्बन्धी छलफल | २०७५।६।२ |

| | | | |
|---|---|---|---|
| | | ● अन्तरमन्त्रालय समन्वय समितिको बैठक बसी प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रस्तावित दस्तावेज माथि छलफल | २०७५।७।६ |
| | | ● अन्तरमन्त्रालय समन्वय समितिको बैठक बसी आन्तरिक रोजगारीको सिर्जनामा विषयगत मन्त्रालयको भूमिकामाथि छलफल | २०७५।१०।२१ |
| | | ● अन्तरमन्त्रालय समन्वय समितिको बैठक बसी विषयगत मन्त्रालयहरुका आयोजनाहरुमा उपलब्ध हुन सक्ने सम्भावित रोजगारीको सम्बन्धमा छलफल | २०७५।१२।२६ |
| ६. | प्रधानमन्त्री रोजगार कार्यक्रमको अभिमुखीकरण गोष्ठी | ● रोजगार सेवा केन्द्रको स्थापना र संचालन तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमा प्रदेश नं. ३ अन्तर्गतका चितवन, धादिङ, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा र रसुवा जिल्लाका स्थानीय तहहरु तथा अन्य सरोकारवालाहरुसँग हेटौडामा अभिमुखीकरण तथा अन्तरक्रियात्मक गोष्ठी संचालन गरिएको । | २०७५।०९।०७-०८ |
| | | ● त्यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रमका सम्बन्धमा गण्डकी प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरुसँग पोखरामा अभिमुखीकरण तथा अन्तरक्रियात्मक गोष्ठी संचालन गरिएको | २०७५।०९।२६-२७ |
| ७. | प्रधानमन्त्री रोजगार कार्यक्रम शुभारम्भ समारोह | ● नेपालको संविधानले नागरिकको मौलिक हकका रुपमा प्रत्याभूत गरेको रोजगारीको हकलाई कार्यान्वयन गर्न "सबैका लागि रोजगार : संवैधानिक अधिकार" भन्ने मूल नाराका साथ काठमाडौं महानगरपालिकासँगको सहकार्यमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ भएको | २०७५।११।१ |
| ८. | ७५३ वटै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना । | ● रोजगारीको हकसम्बन्धि ऐनको दफा १० बमोजिम सबै स्थानीय तहहरुबाट रोजगार सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना भएको | २०७५।८।३ |
| ९. | रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत | ● प्रत्येक स्थानीय तह मातहत रही स्थापना भएका रोजगार सेवा केन्द्रको सञ्चालनका लागि रोजगार संयोजक पदपूर्ति गर्न आवश्यक भएको हुँदा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्डको मस्यौदा तयार गरी विभिन्न चरणमा छलफल गरिएको | २०७५।८।१४ |
| | | ● रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्डको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकमा पेश गरिएको | २०७५।८।१७ |

| | | | |
|---|---|---|---|
| | | • रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्डको मस्यौदा मन्त्रिपरिषद्, प्रशासन समितिको बैठकमा छलफल | २०७५।९।८ |
| | | • रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत | २०७५।९।९ |
| | | • रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ को जानकारी गराउने उद्देश्यले मन्त्रालयमा प्रेस सम्मेलन आयोजना गरिएको | २०७५।१०।३ |
| १०. | रोजगार संयोजकको पहिलो चरणको पदपूर्ति | • रोजगार संयोजकको अस्थायी दरबन्दीमा करार सेवामा कर्मचारी भर्ना गर्नका लागि दरखास्त आह्वान सम्बन्धी १५ दिने सूचना प्रकाशन | २०७५।१०।०४ |
| | | • रोजगार संयोजकको उम्मेदवारहरुको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन | २०७५।१०।२८ |
| | | • प्रारम्भिक योग्यताक्रममा पर्न सफल उम्मेदवारहरुको कम्प्यूटर सीप परीक्षा सञ्चालन | २०७५।११।११-१२ |
| | | • अन्तिम योग्यताक्रमको सूची प्रकाशन | २०७५।११।१२ |
| | | • रोजगार संयोजकहरुको मिति २०७५।११।२६ देखि लागू हुने गरी करार सम्झौता गरिएको | २०७५।११।१७ र १८ गते |
| ११. | रोजगार संयोजकको दोस्रो चरणको पदपूर्ति | • रोजगार संयोजकको अस्थायी दरबन्दीमा करार सेवामा कर्मचारी भर्ना गर्नका लागि दरखास्त आह्वान सम्बन्धी १५ दिने सूचना प्रकाशन | २०७५।११।३० |
| | | • रोजगार संयोजकको उम्मेदवारहरुको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन | २०७५।१२।१५ |
| | | • प्रारम्भिक योग्यताक्रममा पर्न सफल उम्मेदवारहरुको कम्प्यूटर सीप परीक्षा सञ्चालन | २०७५।१२।२३ |
| | | • अन्तिम योग्यताक्रमको सूची प्रकाशन | २०७५।१२।२४ |
| | | • रोजगार संयोजकहरुको मिति २०७५।१।२ देखि लागू हुने गरी करार सम्झौता गरिएको | २०७५।१२।२८ |
| १२. | बेरोजगार व्यक्तिको सूचीकरणका लागि निवेदन आह्वान | • रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार चैत्र महिना भित्र बेरोजगार व्यक्तिहरुले न्यूनतम रोजगारीमा संलग्न हुन आफूले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा निवेदन दिनको लागि सूचना जारी गरिएको | २०७५।११।२७ |

| | | | |
|---|---|---|---|
| | | • बेरोजगार व्यक्तिले न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने काम नेपालको इतिहासमै पहिलो पटक भएकोले स्थानीय तहहरुले निवेदन दिने म्याद थपका लागि अनुरोध गरेकोले २०७६ वैशाख महिना भरिका लागि पनि निवेदन दिन म्याद थप गरिएको | २०७६।१।६ |
| १३. | प्रधानमन्त्री रोजगार कार्यक्रमको विस्तृत कार्यक्रम दस्तावेजको मस्यौदा तयार गरिएको । | • सार्वजनिक, निजी, सहकारी र नागरिक समाज समेतका सरोकारवालाहरुसँग विभिन्न चरणमा छलफल गरी कार्यक्रम दस्तावेज तयार गरिएको । | २०७५।१२।१ |
| १४. | रोजगार संयोजकहरुलाई प्रदेशगत रुपमा अभिमुखीकरण गोष्ठी सञ्चालन | • प्रदेश नं. १, विराटनगरमा<br>• प्रदेश नं. २, जनकपूरमा<br>• प्रदेश नं. ३, हेटौडामा<br>• गण्डकी प्रदेश, पोखरामा<br>• प्रदेश नं. ५, बुटवलमा<br>• कर्णाली प्रदेश, सुर्खेतमा<br>• सुदूरपश्चिम प्रदेश, धनगढीमा | २०७५।१२।१५-१६ सम्म<br>२०७५।१२।१८-१९ सम्म<br>२०७५।१२।१५-१६ सम्म<br>२०७५।१२।१५-१६ सम्म<br>२०७५।१२।१८-१९ सम्म<br>२०७५।१२।१५-१६ सम्म<br>२०७५।१२।१८-१९ सम्म |
| | | • दोस्रो चरणमा उत्तीर्ण रोजगार संयोजकहरुलाई काठमाडौंमा अभिमुखीकरण गोष्ठी | २०७५।१२।२९ |
| १५. | कामका लागि पारिश्रमिकमा आधरित सामुदायिक आयोजना ( संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को तर्जुमा गरी माननीय मन्त्रीज्यूबाट स्वीकृत । | • स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई सामुदायिक पुर्वाधार निर्माणको काममा लगाई यसै आर्थिक वर्षमा केही दिनको रोजगारी प्रदान गर्नको लागि कार्यविधि तर्जुमा गरिएको । | २०७६।१।२२ |
| १६. | कामका लागि पारिश्रमिक मार्फत रोजगारी प्रदान गर्न सशर्त अनुदानको रुपमा LMBIS मार्फत स्थानीय तहहरुलाई बजेट बाँडफाँड गरी पठाइएको । | • गरिबी, जनसंख्या र भौगोलिक विकटताका आधारमा वस्तुगत तवरले बाँडफाँड गरी स्थानीय तहहरुलाई पठाइएको । | २०७६।१।२९ |

| | | | |
|---|---|---|---|
| १७. | प्रधानमन्त्री रोजगार कार्यक्रम र कामका लागि पारिश्रमिक सम्बन्धी कार्यविधिमा स्थानीय तहका प्रमुखज्यू र रोजगार संयोजकलाई सातवटै प्रदेशमा २ दिनको अन्तरक्रियात्मक कार्यक्रम तथा त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर । | • प्रधानमन्त्री रोजगार कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहको स्वामित्वमा विकास गर्न समझदारी पत्रमा हस्ताक्षर भएको । | २०७६।२।४-१३ गते |
| | | • कामका लागि पारिश्रमिक प्रदान गरी स्थानीय तहमा पुर्वाधार निर्माण गर्ने र सो मार्फत रोजगारी प्रदान गर्ने सम्बन्धी कार्यविधिको बारेमा अन्तरक्रियात्मक छलफल गरिएको । | |
| १८. | रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास | • प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने सम्बन्धमा आई.टी. विज्ञहरुसँग छलफल भएको | २०७५।९।१६ गते |
| | | • रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने सम्बन्धमा सूचना प्रणालीमा रहने विषयवस्तुहरुका सम्बन्धमा महाशाखा प्रमुख सहित विभिन्न मितिमा छलफल कार्यक्रम भएको | २०७५ पुष देखि निरन्तर |
| | | • बेरोजगार व्यक्ति तथा रोजगारदाताको विवरणको अभिलेख राख्न तथा नेपाल सरकारले प्रयोगमा ल्याएका अन्य रोजगार सम्बन्धी सूचना तथा तथ्याङ्क एकिकृत गर्नका लागि तयार गरिएको रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने कार्य अन्तिम चरणमा पुगेको । | २०७६।३।१ |

## कामको लागि पारिश्रमिक कार्यक्रम अन्तर्गत प्रदान गरिएको रोजगारी सम्वन्धी राष्ट्रिय तथ्यांक

| प्रदेश | स्थानीय तहको संख्या | विवरण प्राप्त भएका स्थानीय तहको संख्या | आयोजना संख्या | रोजगारी प्रदान गरिएको व्यक्तिहरुको सख्या | प्रदान गरिएको औसत दिन | जम्मा रोजगारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| प्रदेश १ | १३७ | ११३ | १२७२ | २१०२२ | १४.८० | ३११०९३ | |
| प्रदेश २ | १३६ | ९७ | ९३८ | २७४४८ | ११.३९ | ३१२६७५ | |
| प्रदेश ३ | ११९ | ८९ | ९०५ | १७६१९ | १२.८३ | २२६०३६ | |
| गण्डकी प्रदेश | ८५ | ७४ | ७२२ | १७५५९ | ११.५५ | २०२७७४ | |
| प्रदेश ५ | १०९ | ९३ | १२६० | ३१९५८ | १५.४१ | ४९२६३० | |
| कर्णाली प्रदेश | ७९ | ५५ | ६४५ | २५८७१ | १०.९७ | २८३७५५ | |
| सुदूरपश्चिम प्रदेश | ८८ | ७८ | ११२२ | ३४४३२ | १२.५८ | ४३३३०६ | |
| **जम्मा** | **७५३** | **५९९** | **६८६४** | **१७५९०९** | **१२.८६** | **२२६२२६९** | |